# १० हे अहिले रमाउनेहरु हो, अब तिमीहरु रोऊ र कोलाहल गर

<u>*यस अध्यायका मूल पदहरू:*</u> याकूब ५:१-६, भजन ७३:३:१९, १ शमूएल २५:२-११, लैब्य १९:१३, लूका १६:१९:३१ र मत्ती ५:३९।

<u>*स्मरण गर्नुपर्ने पद:*</u> "तिम्रो धन जहाँ छ त्यहीँ मन पनि हुनेछ।" (मत्ती ६:२१ रूपान्तरित)।

**करोडपती कसरी बन्ने भन्ने टेलिभिजन कार्यक्रम अत्यन्त लोकप्रिय भएको पाइन्छ। (नेपालमा प्रख्यात कलाकार हरिबंश र मदनकृष्णले चलाएका करोडपती कार्यक्रम श्रृखला अत्यन्त लोकप्रिय थियो)। धेरैजसो मानिसहरू धनी हुन सपना बोकेका हुन्छन्।**

तर धनसम्पत्तिले सुसम्पन्न भयो भन्दै धेरै मानिसहरू संतुष्टीको पानीमा आनन्दसँग पौडि खेलिरहेको हुन्छ भन्ने छैन। सम्पन्न परिवारले आफूले चाहेको सबै थोकहरू किनेर सुःखसयलको आनन्दमय जीवन त बिताउला तर त्यसले धेरै भरपूर वा संतुष्टी र आनन्दको जीवन किन्नसक्छ भन्ने छैन भनेर खोज अनुसुन्धानले देखाएको छ। मानिसलाई खुशी पार्न धनसम्पत्तिभन्दा बफादारी मित्रहरू, चित्तबुझ्दो काम र सकारात्मक जीवन शैलीले उल्लेखनीय भूमिका खेलेको हुन्छ। यथार्थमा मानिसलाई चाहिने अत्यन्त उत्तम र जरूरी तत्वहरू सित्तैंमा उपलब्ध हुनसक्छ। उदाहरणमाः मिठो तथा मायालु वोलीवचन, मुस्कान, अरूको मर्म सुन्न सक्ने कान, सदाशयता, दयालु स्वभाव, उदार चरित्र, आत्म-सम्मान, आदर गर्नसक्ने गुण र सत्य मित्रता आदि।

अझ त्यो भन्दा बेसी र असल तत्व त परमेश्वरले दिनुभएको बरदाहरू हुन् जस्तैः विश्वास, आस्था, आशा, धैर्यता, प्रेम, शान्ति र अरू आशिषहरू जुन् हामीले हामीमाभएको पवित्र आत्माद्वारा पाउँछौं। त्यस कुरामा धेरै इसाईहरू सहमत भएको पाइन्छ। तर के तिनीहरूको दैनिक जीवनले ती तत्वहरू तिनीहरूको जीवनबाट झल्काइरहेको छ र? यदि छैन भने तिनीहरू अत्यन्त स्वार्थी भनेर प्रमाणित गरिरहेको हुन्छ। लोभ गर्नु वा अरूको अस्वस्थ प्रतिस्पर्धा गर्नु मानिसको भुल हो भनेर

यस अध्यायमा सिक्नेछौं। त्यस्तो अबस्थामा आफूले चिताएका कुराहरू मानिसले हासिल त गर्ला तर त्यसले भयङ्कर परिणाम ल्याउने वा मूल्य चुकाउनुपर्ने कुरालाई आँखा चिम्लेर बस्न पनि मनासिव देखिन्न।

## १. उचित न्याय गरिनेछ (भजन ७३:३-१९)

धनाढ्य वा सामन्तीहरूको हृदयमा धक्का पुग्ने गरेर याकूबले आफ्नो अध्याय ५ यसरी सुरू गर्दछन् "हे, धनाढ्य तथा सामन्तीहरू हो, तिमीहरूले मेरो कुरो सुन्। रोऊ र सुँक्क सुँक्क गर, किनभने तिमीहरू छिट्टै नै कष्ट पाउनेछौ।" (याकूब ५:१ रूपान्तरित)। धनी धनीको बीचमा प्रतिस्पर्धा गर्ने र गरिबहरूचाहीँ बाँच्नको निम्तिमात्र संघर्ष गरिरहनुपर्ने सन्दर्भमा याकूबको उक्त आह्वानले पाठकहरूको ध्यान त्यसतिर जानु स्वाभाविकै हो।

याकूब १:१०,११मा धनसम्पतिमा स्थाइत्व छैन भनेर याकूबले धनीहरूलाई सम्झाएका थिए। हठी भएर धनसम्पत्तितिरमात्र ध्यान दिने धनीवर्गहरूलाई अब "रोऊ, कोलाहल गर।" भनेर उनले आफ्नो जिकिर सुनाउँछन्। ती धनी तथा शोषक सामन्तीहरूको फैसला पछिमात्र होइन अहिले नै हुनेछ भनेर याकूबले चेतावनी दिएको जस्तो देखिन्छ। कुन रूपमा धन कमाएर धनी भएका छन् तिनीहरूको भन्दाफोर गरेको वयान यस अध्यायमा स्पष्टरूपमा गरिन्छ। आवश्यक र उचित तरिकाले सम्पन्न हुनुको सट्टा अनुचित वा दुष्ट तरिका अपनाएर धनी हुनु परमेश्वरको अगाडि अमान्य भएको र तिनीहरूले उचित सजायँ पाउने छन् भनेर हामीलाई सम्झाउन खोजेको देखिन्छ। येशूको आगमनभन्दा पहिले दुष्टहरूको गती कस्तो हुनेछ भनेर देखाएको परिप्रेक्ष्यमा ती शोषकहरूको पनि त्यसरी नै अन्त हुन्छ भनेर बाइबलमा बताइएको छ (लूका १७:२७-२९, २ तिमोथी ३:१,२, प्रकाश १८:३,७ आदि)। धनी तथा शोषक सामन्तीहरू केवल येशूलाई विश्वास नगर्ने वर्गहरूमा मात्र होइन त्यसै खालका प्रवृत्तिले परमेश्वरका अन्तिम चर्चका विश्वासीहरूलाई पनि प्रभावित पार्ने छ भनेर प्रकाश ३:१७मा लेओदिकियाको चर्चलाई लेखेको पत्रमा देखाइएको छ। "कष्टकर" भनेर याकूब ५:१मा प्रयोग गरेको ग्रीक भाषाको शब्द

प्रकाश ३:१७मा पनि प्रयोग गरिएको छ। तर त्यसलाई दु:खी, दयनीय, अन्धा, नाङ्गा भनेर वर्णन गरिएको छ।

विषेश गरेर पैसाको मामिलामा यस संसारमा अन्याय अत्याचार अत्यधिक मात्रामा बढीरहेको हामी पाउँछौं। गरिबहरूलाई प्रयोग गरेर वा तिनीहरूको मोलमा धनी वा सामन्तीहरू फलिफाप भएको तुलुतुलु हेरिरहनु त्यति सजिलो छैन। अझ तिनीहरू झन झन सम्पन्न भएर कानुनले पनि नछोएको देख्दा असहनिय नै भएको हुन्छ। सारा संसारमा र सारा समाजमा भइरहेका दुष्टहरूको फलिफाप र शोषणरहिन समाज भनेर फलाक्ने कुनै पनि वादहरू केवल सापती आश्वासन मात्र हो। त्यसलाई थान्को लगाउन मानवजातिले नसकेपनि भजन ७३:१-२० पढ्दा हामीहरूमा कस्तो आशा पलाउन सक्छ हेर्नुहोस् "साँच्चै नै इस्राएलको निम्ति परमेश्वर भला हुनुहुन्छ, तिनीहरूका निम्ति जसको हृदय शुद्ध छ। २ तर मेरा खुट्टा प्रायः चिप्लन लागेका थिए। मैले मेरो टेक्ने आधार हराउन लागेको थिएँ। ३ किनकि दुष्टहरूको उन्नति देखेर ती अहङ्कारीहरूको म डाह गर्दथें। ४ तिनीहरूलाई कठिनाइ छैन, तिनीहरूका शरीर स्वस्थ र बलिया छन्। ५ अरू मानिसहरूझैं तिनीहरू कष्टमा हुँदैनन्, तिनीहरूमाथि मानव खराबी आइलाग्दैनन्। ६ यसकारण अहङ्कार तिनीहरूको सिक्री हुन्छ, र तिनीहरू हिंसाको वस्त्र लाउँछन्। ७ तिनीहरूका निष्ठुर हृदयबाट दुष्टता निस्कन्छ, तिनीहरूका मनको दुष्ट अहङ्कारको सीमा छैन। ८ तिनीहरू ठट्टा गर्छन्, अनि डाहका कुरा गर्छन्, र आफ्नो अहङ्कारमा अत्याचार गर्ने धम्की दिन्छन्। ९ तिनीहरूका मुखले स्वर्गकै दाबी गर्छन्, र तिनीहरूका जिब्राले पृथ्वीलाई अधिकार गर्छन्। १० यसकारण तिनीहरूका मानिसहरू तिनीहरूतर्फ फर्कन्छन्, र प्रशस्त पानी पिउँछन्। ११ तिनीहरू भन्छन्, "परमेश्वरले कसरी जान्नुहुन्छ र? के सर्वोच्चमा ज्ञान छ र?" १२ हेर, दुष्टहरू यस्ता छन्। सधैं निश्चिन्त, तिनीहरू धन बढ़ाउँछन्। १३ निश्चय मैले व्यर्थमा आफ्नो हृदय शुद्ध राखेको छु, र निर्दोषतामा आफ्नो हात धोएको छु। १४ दिनभरि मैले आपत्ति भोगेको छु, र प्रत्येक बिहान मैले दण्ड भोग्नुपरेको छ। १५ यदि "म यसै भन्नेछु" भनी मैले भनेको भए त, मैले तपाईंका सन्तानलाई विश्वासघात गर्नेथिएँ। १६ जब मैले यी सबै बुझ्ने कोसिस गरें, यो मेरो निम्ति अति गह्रौं भयो, १७ जबसम्म म

**परमेश्वरको पवित्रस्थानमा पसिनँ। तब मात्र मैले तिनीहरूको अन्तिम अवस्था बुझें। १८ निश्चय तपाईंले तिनीहरूलाई चिप्ला ठाउँहरूमा राख्नुहुन्छ, तपाईंले तिनीहरूलाई सर्वनाशमा फालिदिनुहुन्छ। १९ तिनीहरू कति अचानक नष्ट हुन्छन्, त्रासले तिनीहरू पूर्णतः बगाइए! २० तिनीहरू बिहान बिउँझँदा सपनाजस्तै टलिजान्छन्। हे परमप्रभु, तपाईं बिउँझँदा तिनीहरूलाई कल्पनाझैं तुच्छ ठान्नुहुन्छ।**

पुरानो करारभरिका अगमवक्ता अर्थात् परमेश्वरका मानविय दूतहरू यस संसारमा भएका अन्याय अत्याचारप्रति अत्यन्त शोकित थिए। परमेश्वरले आफ्नो समयमा उहाँकै वचन अनुसार ती अन्याय अत्याचारलाई समाप्त गरेर छिट्टै सबै थोक ठिक ठिक पारुन् भनेर तिनीहरूले चाहना व्यक्त गरेका थिए। तर परमेश्वरका जनहरूले न्यायोचित संसारको आशा गऱ्यो भन्दैमा तुरन्तै तिनीहरूको आशालाई पूरा गर्न उहाँले तत्कालै कदम चाल्नु भएको थियो भन्न हामी भन्न सक्दैनौं। परमेश्वरबाट टाढा रहेर मुर्तीपूजामा भिजेर अशोभनिय तथा दुष्ट बाटो अपनाइरहेका इस्राएलीहरूलाई परमेश्वरले केही गरोस् भनेर अगमवक्ता हबकूकले तिब्र प्रार्थना गरेका थिए। त्यही समयमा बेबिलोन अर्थात् आधुनिक इराक घमण्डले फुलेको थियो। संसारभरि आफ्नो शक्ति जमाउन पाएकोमा र आफ्नो सफलताप्रति खुशी भएर उत्सब मनाइरहेका थिए। हबकूकले परमेश्वरसँग अनेकौं गम्भिर प्रश्नहरू गरेका थिए (हबकूक १:२-४, १३,१४ पढ्नुहोस्)। उनको गुनासोलाई साम्य पार्न परमेश्वरले उनलाई उहाँमाथि भरोसा राख्न र अझ केही बेर पर्खन छोटो जवाफ उहाँले दिनुभएको थियो (हबकूक २:२-४)। अनि अगमवक्ताले परमेश्वरको वचनलाई सहस्र शिरोपर गरेर आफूलाई चित्त बुझाएका थिए (हबकूक ३:१७,१८)।

**तपाईंले देखिरहनुभएको विभिन्न वर्गका मानिसहरूले गरिरहेका अन्याय र अत्याचारप्रति तपाईंको हृदयमा रिस जलिरहेको छैन र? अझ यस संसारमा वा तपाईंकै वरिपरि कतिपय अमानविय तत्वहरूले प्रभुत्व जमाइरहेका छन् जुन् तपाईंलाई थाहा हुँदैन। हामी येशूभक्तको हैशियतले अन्याय अत्याचारलाई साम्य पार्न हामीहरूको औगात अनुसार सक्दो प्रयास त गर्नुपर्छ नै। तर यस संसारको अन्तमा परमेश्वरले उचित न्याय**

गर्नुहुनेछ भन्ने उहाँको प्रतिज्ञामा भरोसा राखेर हामीहरूको हृदयलाई बिचलित नपार्न कसरी सिक्ने?

## २. जब धनसम्पत्ति अर्थहीन वा वेकारको हुन जान्छ (याकूब ५:२,३)

**के धनसम्पत्ति आफै नराम्रो वा खराब हो र? धनसम्पत्तिको खिलाफमा याकूले अत्यन्त कठोर चेतावनी दिएका छन्। तर त्यस चेतावनी कस्तो खालको धनसम्पत्तिको बारेमा उनले दिन्छन् सो याकूब ५:२,३ पढ्नुहोस् र त्यसमा उल्लेख गरिएको मर्मलाई सोच्नुहोस्: "तिमीहरूका धन-सम्पत्ति काम नलाग्ने भइसकेको छ। लुगाफाटामा लुगा खाने किरा लागिसकेको छ। ३ सुनचाँदीमा कस परिसकेको छ। त्यही कस नै तिमीहरूका विरुद्धमा साक्षी हुनेछ र आगोले झैं त्यसले शरीरलाई नाश गर्नेछ। यी अन्तिम दिनहरूमा तिमीहरूले धन-सम्पत्ति थुपारेका छौ।"**

कुहिएको धनरासी, सुलसुले किरा वा लुगा खाने किराले थोत्रो काम नलाग्ने बनाइएका लुगाफाटाहरू र खिया लागेका सुनचाँदीहरूको बिजोगलाई याकूबले जनसमक्ष ल्याउँदछन्। त्यस्तो खालको धनसम्पत्तिको बारेमा गम्भिर भएर सोच्नु आवश्यक छ। धनसम्पत्ति थुपार्दा थुपार्दा त्यो काम नलाग्ने भइसकेको हुनसक्छ र त्यसै वखत हामीहरूको पृथ्वी ग्रह द्रुतगतिमा घुम्दै घुम्दै अन्तको समयमा गइरहेको छ।

विश्वको आर्थिक अवस्था हामीले हेर्‍यौं भने एक पछि अर्को शङ्कतको सामना गरिरहेको हामी पाउँछौं। आर्थिक रूपमा सम्पन्न भएको राष्ट्र भनेर कुनै देश वा युगको बारेमा सोच्यौं भने त्यो पनि प्रायजसो धेरै समय नफापी मन्द गतिमा झर्न पुगेको पाइन्छ। कुनै पनि वन्दब्यापारले गर्दा विश्व वा राष्ट्रको आर्थिक अवस्था सफलताको चुचुरोमा पुगेर शान्तिको सास फेरेपनि त्यो छोटो समयको निम्तिमात्र भएको पाइएको छ। धनी र गरिबको बीचमा भइरहने दुरीले गर्दा त्यसलाई साम्य पार्न जुनसुकै राजनैतिक र सामाजिक बादहरू आएतापनि मानिसहरूलाई असंतुष्ट बनाइरहेको छ। अहिलेमात्र नभएर याकूबको समयमा पनि थोरै जनशङ्ख्या भएतापनि गरिबहरू निराशको

भुमरीमा परिरहेका थिए भने निम्नवर्गका मानिसहरूप्रति सम्पन्न तथा धनवर्गहरूले वेवास्ता गरिरहेको पाइएको थियो।

धनसम्पत्ति भएकोमा वा नभएकोमा जमिन्दार नाबाल, हेजकिया राजा र येशूका चेला पत्रुसलाई कसरी प्रभावित पारेका थिए भनेर देहायका पदहरूमा देखाएका छन्। ती पदहरू पढेर सोच्नुहोस्: १ शमूएल २५:२-११ “माओनको एक जना मानिस थियो, जसको कर्मेलमा धेरै सम्पत्ति थियो। त्यो निकै धनी थियो। त्यसका तीन हजार भेड़ा र एक हजार बाख्रा थिए। त्यसले कर्मेलमा आफ्ना भेड़ाको ऊन कत्रँदैथियो।३ त्यसको नाउँ नाबाल थियो, र त्यसकी पत्नीको नाउँ अबीगेल थियो। अबीगेल सुन्दरी र बुद्धिमानी स्त्री थिइन्। तर तिनको लोग्नेचाहिँ कालेबका वंशको एक खस्रो र नीच स्वभाव भएको मानिस थियो। ४ नाबालले आफ्ना भेड़ाहरूको ऊन कत्रँदैछ भन्ने कुरो दाऊदले मरुभूमिमा सुने।५ तिनले आफ्ना दश जना मानिसहरूलाई यसो भनेर पठाए, "कर्मेलमा जाओ, र नाबाललाई खोजेर उनलाई मेरो अभिवादन देओ। ६ तिमीहरूले उनलाई भन, "तपाईं, तपाईंका परिवारलाई र तपाईंसँग भएका सबैसित शान्ति होस्। तपाईं आफ्ना भेड़ाहरूको ऊन कत्रँदैहुनुहुन्छ भन्ने कुरा मैले सुनें। ७ तपाईंका गोठालाहरू हामीसँग यति दिन रहँदा हामीले उनीहरूलाई सताएनौं। उनीहरू कर्मेलमा हुँदा उनीहरूको केही पनि हराएन। ८ तपाईंका आफ्ना मानिसहरूलाई सोध्नुहोस्, र उनीहरूले तपाईंलाई सबै कुरा भन्नेछन्। कृपया मेरा मानिसहरूलाई दयापूर्वक ग्रहण गर्नुहोस्, किनभने आजको दिन शुभ दिन छ, र तपाईंका दासहरू र तपाईंको छोरा दाऊदलाई जे दिन सक्नुहुन्छ दिनुहोस्"। ९ दाऊदका जवानहरू आएर दाऊदको नाउँमा नाबाललाई यो समाचार दिए। त्यसपछि तिनीहरूले पर्खे। १० नाबालले दाऊदका जवानहरूलाई यो उत्तर दियो, "दाऊद को हो?यो यिशैको छोरो को हो? हिजोआज धेरै कमाराहरू आफ्ना मालिकदेखि भागेर जान्छन्। ११ मेरो खानेकुरा, मेरो दाखमद्य र मेरा ऊन कत्रनेहरूका लागि जुटाएका मासु अज्ञात मानिसहरूलाई मैले किन दिनु?”, २ राजा २०:१२-१९ “त्यसै बेला बेबिलोनका राजा बलदानका छोरा मरोदक-बलदानले हिजकियाकहाँ पत्रहरू र एक कोसेली पठाए, किनभने हिजकिया बिरामी छन् भन्ने उनले सुनेका थिए। १३ हिजकियाले समाचारवाहकहरूलाई स्वागत गरे र

उनीहरूलाई आफ्ना भण्डारहरूमा भएका सबै थोकहरू सुन, चाँदी, मसला, सुगन्धित तेल" आफ्ना हतियारहरू राख्ने घर र भण्डारमा भएका सारा थोक देखाइदिए। आफ्नो राजमहल र आफ्ना सबै राज्यमा हिजकियाले उनीहरूलाई नदेखाएको कुनै पनि थोक रहेन। १४ तब यशैया अगमवक्ताले हिजकिया राजाकहाँ आएर सोधे, "ती मानिसहरूले के भने, र उनीहरू कहाँबाट आएका रहेछन्? " हिजकियाले जवाफ दिए, "उनीहरू टाढ़ा देश बेबिलोनबाट आएका हुन्।" १५ तब अगमवक्ताले सोधे, "उनीहरूले तपाईंको राजमहलमा के-के देखे त? हिजकियाले भने, "उनीहरूले मेरो राजमहलमा सबै कुरा देखे। मेरा भण्डारमा भएको मैले उनीहरूलाई नदेखाएको कुनै पनि थोक छैन।" १६ तब यशैयाले हिजकियालाई भने, "परमप्रभुको वचन सुन्नुहोस्: १७ समय निश्चय नै आउनेछ, जब तेरो घरमा भएका सबै थोक, र आजको दिनसम्म तेरा पिता-पुर्खाहरूले थुपारेका सबै कुरा बेबिलोनमा लगिनेछन्। एउटै कुरा पनि छोड़िनेछैन, परमप्रभु भन्नुहुन्छ। १८ तेरा केही सन्तानहरू, तेरै हाड़ र मासु, जो तँबाट जन्मनेछन्, तिनीहरू लगिनेछन्। अनि बेबिलोनका राजाको राजमहलमा तिनीहरू नपुंसक बनाइनेछन्।" १९ हिजकियाले भने, "तपाईंले भन्नुभएको परमप्रभुको वचन असलै छ।" किनभने तिनले विचार गरे, "के मेरो जीवनभरि त शान्ति र सुरक्षा हुनेछैन र? " र प्रेरित ३:१-१० "पत्रुस र यूहन्ना दिउँसो तीन बजे प्रार्थनाको समयमा मन्दिरमा जाँदैथिए। २ मन्दिरभित्र पस्नेहरूबाट भीख माग्न जन्मैदेखिको एक जना लङ्गड़ालाई मानिसहरू बोकेर ल्याउँथे र दिनहुँ मन्दिरको सुन्दर नामक ढोकामा राखिदिन्थे। ३ पत्रुस र यूहन्नालाई मन्दिरभित्र पस्न लागेका देखेर त्यसले भीख माग्यो। ४ यूहन्नासँगै पत्रुसले त्यसलाई एकटक लाएर हेरिकन भने, "हामीतिर हेर!" ५ तिनीहरूबाट केही पाउने आशा गरेर त्यसले ध्यान दिएर तिनीहरूलाई हेऱ्यो। ६ तब पत्रुसले भने, "सुनचाँदी मसित छैन। तर जे मसित छ, त्यही म तँलाई दिन्छु। नासरतका येशू ख्रीष्टको नाउँमा हिंड्! " ७ तिनले त्यसको दाहिने हात समातेर त्यसलाई उठाए, र तुरुन्तै त्यसका खुट्टाहरू र गोलीगाँठामा ताकत आयो। ८ अनि जुरुक्कै उठेर त्यो खड़ा भयो र हिंड्न थाल्यो, र हिंड्दै र उफ्रँदै र परमेश्वरको स्तुति गर्दै तिनीहरूसँग मन्दिरमा पस्यो। ९ तब सबै मानिसहरूले त्यसलाई हिंड्दैगरेको र परमेश्वरको प्रशंसा

**गरिरहेको देखे। १० तिनीहरूले त्यसलाई मन्दिरको सुन्दर ढोकामा भीख माग्न बसिरहने यही नै हो भनेर चिने, र त्यसमाथि भएको कुरामा तिनीहरूले अचम्म माने र आश्चर्यचकित भए।"**

ढिलो वा चाँडो, संसारमा हामीले कमाएका धनसम्पत्तिहरूको चमक खिइन्दै जानेछ भन्ने कुरो सबैलाई थाहा छ। त्यसको सिमित र त्यसको अन्धाकार पक्षलाई पनि हामीलाई थाहा नै छ। पैसा आफै नराम्रो होइन तर मानिसले दुरूपयोग गऱ्यो भने त्यसले विभिन्न समस्याहरूलाई निम्त्याउँछन्।

पैसालाई दुरुपयोग गर्नेहरूको खिलाफमा तिनीहरूकै पैसा तिनीहरूको बिरुद्धमा खडा हुनेछ भनेर याकूबले व्यक्त गर्दछन् (याकूब ५:३)। संसारको अन्तको बारेमा सोचेर नै याकूबले त्यो चेतावनी दिएका थिए। त्यसकारण हामीहरूसँग भएको पैसा वा दुःखले आर्जन गरेको धनसम्पत्तिको बारेमा यो स्पष्ट हुनुपर्छ कि हामीले त्यसलाई कसरी प्रयोग गर्ने त्यसमा हामीहरूको हित निहित हुन्छ। सारा विश्व र मानवजाति समेत आगोले भष्म हुनेछ भन्ने परिप्रेक्ष्यमा हामीले खर्च गर्ने धनप्रति कस्तो निर्णय अपनाउनुपर्छ भन्ने कुरामा गम्भिर हुनुपर्छ। के अन्तमा जलाइनको निम्ति धनसम्पत्ति हामीले थुपारिरहेका छौं कि? तर त्यही धनसम्पत्तिलाई अनन्त जीवनको निम्ति प्रयोग गरिरहेका छौं?

**पैसा वारे धनसम्पत्तिप्रति तपाईंको बिचार के छ? त्यसले तपाईंको र परमेश्वरको बीचमा कस्तो सम्बन्ध राख्न सहयोग गरेको छ। त्यत्तिमात्र होइन पैसाले तपाईं र आफ्ना नातादार तथा इष्टमित्रहरूको सम्बन्धमा कसरी प्रभाव पारिरहेको छ, सोच्नुहोस्। ती प्रश्नहरूको जवाफले तपाईंले आफ्नो सम्पत्ति कसरी चलाइरहनुभएको छ त्यसलाई देखाउँदछ।**

## ३. गरिब र श्रमजीविहरूको क्रन्दन (याकूब ५:४)

विभिन्न धनी समूहहरूको नाउँको सूची याकूबको पुस्तकमा भएको हामी पाउँछौं। तिनीहरूमा धन कमाउँदै गर्दा बीचैमा खतम भएको समूह छ (याकूब १:११)। आफ्नो लगानीलाई सुरक्षित राख्न मुद्दा हाल्ने ब्यापारी वर्ग पनि त्यही सूचीमा छ (याकूब २:६)। र जमिन्दारहरू जसले आफ्ना ज्यालादारी खेतालाहरूलाई शोषण गरेर

तिनीहरूले पाउने उचित ज्याला नदिने पनि त्यही सूचीमा पारेको छ (याकूब ५:४)। बिगतका आचरण, बर्तमान मनस्थिति र भविष्यमा तिनीहरूले तिर्नुपर्ने मोललाई नकारात्मक रूपमा ती पदहरूले चित्रण गर्दछन्। गरिब तथा मजदुरहरूलाई प्रयोग गरेर तिनीहरूले आफ्नो निम्ति धन सम्पत्ति थुपारेका थिए भनेर याकूबले सामन्ती तथा स्वार्थी धनाढ्यहरूको याकूबले भन्दाफोर गरेका थिए (याकूब ५:३)।

**"तिमीहरूको खेतबारी जोत्ने मजदुरहरूलाई उचित ज्याला दिन तिमीहरू असफल भयौ। तिनीहरूले पाउनुपर्ने ज्यालाले तिमीहरूको बिरुद्धमा चिच्याइरहेको छ।" (याकूब ५:४ रूपान्तरति)। मानिसहरूसँगको कारोबारमा हामीले कस्तो नीति अपनाउनुपर्छ भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्ः लेवी १९:१३ "तिमीहरूले आफ्नो छिमेकीलाई थिचोमिचो नगर्नू र त्यसलाई नलुट्नू। "ज्यालामा काम गर्नेको पैसा एक रात पनि तिमीहरूसँग नरहोस्।", व्यवस्था २४:१४,१५ "तिमीहरूको इस्राएली भाइ होस् वा तिमीहरूका सहरहरूमध्ये कुनै एकमा आई बसेको परदेशी होस्, कुनै गरीब र दरिद्र ज्यालादारी नोकरबाट नाजायज फाइदा नउठाओ।१५ सूर्यास्तअघि नै प्रतिदिन त्यसको ज्याला दिइहाल्नू, किनकि त्यो एक गरीब हो र त्यो आफ्नो ज्यालामा नै भर परेको हुन्छ। नत्रता त्यसले तिमीहरूका विरुद्धमा परमप्रभुलाई पुकार्‍यो भने, तिमीहरूलाई पाप लाग्नेछ।" र यर्मिया २२:१३ "धिक्कार त्यसलाई, जसले अधर्मले आफ्नो महल बनाउँदछ, जसले आफ्ना माथिल्ला कोठाहरू अन्यायले बनाउँछ, जसले आफ्ना देशवासीहरूलाई सित्तैंमा सेवा गर्न लगाउँछ, र तिनीहरूलाई आफ्ना मेहनतको ज्याला दिँदैन।"**

बाइबलको समयमा (अहिले नेपाल तथा अन्य देशहरूमा जस्तै) कतिपय मानिसहरू दिनदिनै काम गरेर त्यसको ज्यालाले आफ्नो घरपरिवारलाई खानेकुराहरू किन्थे। जब ज्याला लगाउने मानिसहरूले ती गरिबहरूको दैनिक ज्याला दिन दिनै दिँदैनथे तब तिनीहरूको परिवारहरू प्रायजसो भोकभोकै रहन्थे। त्यसकारण जुन विषयवस्तुलाई लिएर याकूबले सम्बोधन गरेका थिए त्यो अत्यन्त संवेदनशील र गम्भिर थियो।

मजदुरहरूको उचित र पाउनुपर्ने दैनिक ज्याला नदिने जमिन्दार वा उद्योगपतीहरूको याकूबले घोर विरोध गर्दा हामीले अचम्म मान्नुपर्दैन। शोषणरहित समाज बाइबलको चाहना हो। जुनसुकै बहानामा गरिबहरूलाई शोषण गर्नु बाइबलको नीतिको विरोध गर्नु हो। ठग्नु आफै त खराब छ नी। तर आफूसँग हुँदा हुँदै गरिबलाई दिनेपर्ने ज्याला नदिनु गरिबबाट चोर्नु हो। बाइबलले त्यसलाई पाप भनेर सम्बोधन गरेको छ। गरिबलाई शोषण गरेर आफू धनी हुनु गरिबको खिलाफमा पाप गर्नु मात्र नभएर स्वर्ग वा परमेश्वरलाई नै ठग्नु हो। परमेश्वरले आफ्नो समयमा त्यस्ता खालका शोषकहरूलाई उचित कार्वाही गर्नुहुनेछ भनेर याकूबले जिकिर गर्दछन्।

"धनीवर्गहरूले आफ्नो काँधमा ठूलो जिम्मेवारी बोकेका हुन्छन्। अनुचित कारोबार गरेर, व्यापारमा बेइमान कुनीति अपनाएर, टुहुरा र बिधवाहरूलाई थोचोमिचो वा शोषण गरेर, दिनुपर्ने ज्याला भोली दिन्छु भनेर पन्छाएर र गरिबहरूलाई वास्ता नगरेर कतिपय मानिसहरू धनी वा सम्भ्रान्तको पङ्क्तिमा आफूहरूलाई पारिरहेका छन्। तिनीहरूलाई परमेश्वरले उचित सजायँ दिनुहुनेछ भनेर याकूबले यसरी भन्दछन् "रोऊ, सुँक्क सुँक्क गर किनभने तिमीहरूले कष्ट पाउनेछौ।"- एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली २, पृ. ६८२बाट रूपान्तरित।

**पैसाको मामिलामा तपाईंले अरूसँग कस्तो व्यवहार गर्नुहुन्छ? तपाईं येशूभक्त हुनुहुन्छ भनेर ती कारोबारले कसरी बताउँछ? विशेष गरेर तपाईंको कारोबारले तपाईंले येशूको चरित्रलाई कसरी प्रतिबिम्ब गरिरहनुभएको छ?**

## ४. अहिलो मोटो र रमझम गरेर रमाइलो गर्नेहरू (याकूब ५:५)

**"हेर, तिमीहरू यस संसारमा मोजमज्जा गरेर सजिलो जीवन बिताउँदछौ। तिमीहरूले चाहेको सबै कुरा पाउन तिमीहरूले जे पनि गर्दछौ। तिमीहरू छिट्टै मारिने पशुहरू जस्तै आफूलाई मोटाउन दिएका छौ।" याकूब ५:५ रूपान्तरित। मोजमज्जा र सुखसैयलको जीवन बिताउनेहरूलाई याकूबले व्यक्त गरेका भावना र देहायका पदहरूले कोरेका शब्दहरूलाई तपाईंले के भन्नुहुन्छ? इजकिएल १६:४९ " "अब**

**तेरी बहिनी सदोमको पापचाहिँ यही थियोः त्यो र त्यसका छोरीहरू हठी थिए, पेटभरि खान्थे र लापरवाहीमा बस्थे। तिनीहरूले दरिद्रहरूलाई सहायता गरेनन्।" र आमोस ४:१-३ "हे सामरिया डाँड़ामा बस्ने बाशानका गाई हो, तिमी स्त्रीहरू, जो गरीबहरूलाई थिचोमिचो गर्दछौ, र दरिद्रहरूलाई पेल्दछौ, र आफ्ना लोग्नेहरूलाई भन्दछौ, "हामीहरूलाई केही पिउनलाई ल्याइदिनुहोस्।" तिमीहरू यो वचन सुन। २ परमप्रभु परमेश्वरले आफ्नो पवित्रताद्वारा यो शपथ खानुभएको छ, "हेर, समय निश्चय नै आउनेछ, जब तिमीहरूलाई अंकुसेले र तिमीहरूका बाँकी रहेकाहरूलाई बल्छीले समातेर लगिनेछन्। ३ तिमीहरू हरेक जना पर्खालका धाँदाहरूका बीचबाट भएर सोझै जानेछौ, र तिमीहरू हर्मोनतिर फ्याँकिनेछौ" परमप्रभु भन्नुहुन्छ।"**

यस संसारमा धनसम्पत्ति केवल सिमित मात्रामा मात्र थिए भनेर बाइबलका समयमा रहेका मानिसहरूले ठान्दथे। कसैसँग धेरै सम्पत्ति हुनुको अर्थ अरूसँग थोरै हुन जानु हो भनेर तिनीहरूले सोच्दथे। त्यसको अर्थ गरिबहरूलाई झन झन गरिब गरेर धनीहरू झन झन धनी बनिन्थ्यो रे! अरूलाई गरिब नबनाइ धन आर्जन गर्न सकिन्छ भन्ने आधुनिक तर्कले बर्तमान परिप्रेक्ष्यमा मान्यता पाएको हामी पाउँछौं। धनी धेरै धनी भयो भने गरिबलाई धनी बनाउन मद्दत हुन्छ भन्ने कतिको सोचाइ भएको पनि हामी पाउँछौं। यस संसारमा भएका सिमित स्रोतहरूको निम्ति विकसित र अविकसित राष्ट्रहरूको बीचमा प्रतिस्पर्धा भइरहेको कुरा कसैबाट लुकेको छैन। धनी वर्गहरूले धन कमाउने प्रतिस्पर्धामा धन कमाउने होडबाजी चल्दछ। त्यसले धन कमाउन झन झन कठिन भएको पनि तिनीहरूले अनुभव गरेको हुन्छ। चाहे हिजो होस् वा आज होस्, धन कमाउने संघर्ष उत्तिकै जारी भएको पाइएको छ।

धन कतिको पक्षपातपूर्ण छ भनेर येशूले धेरै अर्तीकथाहरूबाट मानिसहरूलाई देखाउनुभएको थियो। ती कथाहरूमा सबभन्दा प्रख्यातचाहिँ धनी मानिस र अत्यन्त गरिब लाजरसको छ (लूका १६:१९-३१)। (यो कथा अरू जस्तो जीवन वा प्रकृतिको व्यवाहारिक तथा तथ्य चित्रणहरूमा आधारित नभएर वर्तमान जीवनलाई प्रतिविम्व गर्न दन्त्यकथा वा अलङ्कारयुक्त प्रतिक कथा हो जसलाई अङ्ग्रेजीमा

अलिगोरी -allegory- भन्दछ। यो खालको कथा वास्तविकतामा आधारित नभएर पाठ सिकाउनमात्र प्रयोग गरिन्छ- अनुवादकको वाख्या)। येशूको समयमा कसैसँग एक जोरको सट्टा दुई जोर लुगा छ भने त्यो मानिस भाग्यमानी ठानिन्थ्यो। वर्षको एक फेरामात्र भोज गर्न पायो भने तिनीहरू खुशी हुन्थे।

येशूले भन्नुभएको उपरोक्त कथामा भएको धनी मानिस वैजनी र सुतीको अत्यन्त झलझलाउँदो दामी पोशाक पहिरिएको थियो। त्यतिमात्र होइन ऊ दिनदिनै भोजभतेर गरेर अत्यन्त रमाइलो गर्दथे (पद १९)। तर बिचरा गरिब लाजरसचाहिँ अपाङ्ग भएकोले कसैले बोकेर दिनदिनै उक्त धनी मानिसको घरको ढोकामा राखिदिन्थ्यो। फ्याँकिएका खानेकुराको टुक्राटाक्री भएपनि पाउँ भनेर त्यो मानिस धनी मानिससँग माग्थ्यो। तर तिनीहरू मरेपछि लाजरस स्वर्गमा लगिएर अब्राहमको काखमा राखियो र धनी मानिसचाहिँ नर्कको आगोमा खसालियो रे! अनि आगोले पोलिरहेको धनी मानिसले आफ्नो मुखमा लाजरसबाट केही थोपा पानी पाउँ कि भनेर अब्राहमसँग याचना गरेका थिए रे!

यस दन्त्यकथाले वर्तमान स्वर्ग र नरकको यथार्थ चित्रण गर्दछ जसले गर्दा मानिस मरेपछि कि त स्वर्ग कि त नर्क जान्छन् भनेर कतिपयले सिकाउँदछन्। तर यो सत्यकथामा आधारित चित्रण होइन। तर यस कथाको मूल सारचाहिँ वर्तमान जीवनको बारेमा हो, मरेपछि होइन। सुरूको ग्रीक भाषामा लेखिएको उक्त वृतान्तमा "स्वर्ग" र "नरक"को बारेमा केही पनि उल्लेख गरिएको छैन। धनी र लाजरस त्यही ठाउँ अर्थात् चिहान (हेडस् hades)मा थिए भनेर चित्रण गरेको छ (पद २३)। धनी मानिस र लाजरसको बीचमा भएको दुरीले यो बताउँदछ कि मानिस मरेपछि उसको अनन्त भविष्यको बारेमा निर्णय भइसकेको हुन्छ। त्यसकारण यसै जीवनमा हामीले अरूप्रति कस्तो व्यवहार गर्छौं सो अत्यन्त महत्त्वपूर्ण र संवेदनशील हुन्छ भनेर त्यस कथाले बताउँछ। यस जीवनमा आफ्नो कर्तव्य अनुसार चलेनौं भने मरेपछि वा भविष्यमा सुधार गर्ने अवसर पाइन्दैन भन्ने मर्म त्यस कथाको छ। क्रिश्चियन हुँ भनेर दाबी गर्नेलाई यूहन्नाले हुनसक्छ त्यही कथालाई मध्यनजर राखेर यसरी कोरेका थिए "कसैले परमेश्वरलाई

प्रेम गर्छु वा उहाँको भक्त हुँ भनेर दाबी गर्छ तर आफ्ना भाइबहिनीलाई (विशेष गरेर विश्वासीहरूलाई लक्षित गरेतापनि सबै मानव समाजलाई समेटिन सक्छ) घृणा वा डाहा गर्‍यो भने त्यो मानिस फताहा हो। आफ्नो अगाडि प्रत्यक्ष्य रूपमा देखिएका भाइबहिनीलाई त माया गर्न सक्दैन भने नदेखिने परमेश्वरलाई माया गर्छु भन्ने आँट गर्ने उसको खुबी छ त?" (१ यूहन्ना ४:२० रूपान्तरित)।

**तपाईंले यस्तो काम के गर्नुभयो जसले गर्दा तपाईं दुःखित हुनुभएको छ? के तपाईं दुःखित भएको कारणले फेरि त्यही भूल नगर्न निर्णय गर्नुभएको छ कि जसले गर्दा तपाईंले आफ्ना भाइबहिनीलाई माया गर्ने मनिस्थिति पैदा हुन्छ?**

## ५ आहत भएको वा बली हुन पुगेको मानिसलाई दोष लगाउनु (याकूब ५:६)

यदि हामीले केही गलत काम गर्‍यौं भने त्यसबाट पन्छिन वा त्यसको जिम्मेवारिबाट हट्न अनेकन् बहाना बनाउने स्वभाव सबै मानव प्राणीको छ। प्रायजसो अरूमाथि दोष थुपारेर हामी चोखो बन्न चाहन्छौं। गलतको मारमा परेको मानिसले पनि अरूमाथिमात्र दोष लगाउन सक्दछ। हत्याराले आफू दोषमुक्त हुन आफ्नो सुरक्षाको निम्ति मारेको भनेर सफाइ दिन चाहेको हुन्छ वा आफ्नो दुर्भाग्यको दोष आफ्नो खराब वचपनलाई दिएको हुन्छ। कतिपय समयमा यौनदुर्व्यवहार गर्ने मानिसले आफूलाई उक्साएको भनेर दुर्व्यवहारको मारमा परेको व्यक्तिलाई दोष लगाउँछ। पारपाचुके भएका श्रीमान र श्रीमतीले प्रायजसो एक आपसलाई नै दोष दिएर वैवाहिक जीवन धरासयी बनाएको भनेर दोष लगाउँछन्। एक इसाई सम्प्रदायले अर्को इसाई सम्प्रदायलाई मारिन्दा वा सतावत दिंदा (चाहे प्रोटेस्टेन्ट होस् वा रोमन क्याथोलिक होस्) झुठो शिक्षा सिकाएकोमा सफाया कदम चालेको भनेर आफू चोखो वा धर्मी हुन खोज्छन्। यस सन्दर्भमा येशूले नै आफ्ना चेलाहरूलाई यसरी चेतावनी दिएर सतर्क गराउनुभएको थियो "समय आउँदै छ जब तिमीहरूलाई हत्या गर्ने वा सतावत गर्ने मानिसहरूले धर्म रक्षा गर्न वा परमेश्वरलाई खुशी पार्न त्यस्तो कदम चालेका हौं भनेर दाबी गर्नेछन् (यूहन्ना १६:२ रूपान्तरित)। त्यो

चेतावनी सुन्नेहरूमा याकूब पनि थिए जसलाई अतिवादीले भारतमा हत्या गरेको थियो।

**उपरोक्त परिवेशमा याकूब ५:६ यसरी अर्थपूर्ण देखिन्छः "दोषी नभएका मानिसहरूलाई तिमीहरूले मार्‍यौ र न्याय गर्‍यौ। ती मानिसहरूले तिमीहरूको विरोध पनि गरेका थिएन न त तिमीहरूको प्रतिद्वन्धी नै थिए।" तपाईंले कतिपल्ट अरूको आलोचना, मूल्याङ्कन वा न्याय गर्नुभएको छ, तर पछि आएर त्यसको दोषी तपाईं आफै भएको भेट्टाउनुभएको छ? अन्याय सहनु पाप हो भन्दै के हामीमाथि मानिसले जे पायो त्यही गर्न दिने? तर तपाईंले विरोध गर्नुभएन वा विवाद गर्नुभएन भने कति झैंझगडाहरू साम्य हुने थिए होला, त्यसको ख्याल गर्नुभएको छ? त्यसकारण अरूलाई आफ्नो अर्को गाला फर्काउनु भनेर येशूले भन्नुभएको अर्थ खास के हो त (मत्ती ५:३९)?**

धनी र गरिब तथा मजदुर वर्गहरूको मामिलामा याकूबले धेरै गन्थन गरेको हामी पाउँछौं। तर धनीवर्गलाई धनी भयो भन्दै तिनीहरूको आलोचना याकूबले गरेका थिएनन् भन्ने कुरामा हामी स्पष्ट हुनुपर्छ। तिनीहरूको नियत र क्रियाकलापहरूप्रति परमेश्वरको चासो भएको हामीले बुझ्नुपर्छ। त्यही सन्दर्भमा कोही मानिस गरिब भयो भन्दैमा त्यो मानिस परमेश्वरको नजिक हुन्छ भन्ने छैन। "नरम, नम्र आत्मामा कमजोर वा कमी महसूस गर्नेहरू" र "परमेश्वरमाथिको विश्वासमा धनी हुनेहरू" पो त "स्वर्गको राज्यमा सहभागी अर्थात् हकदारहरू हुनेछन्" (मत्ती ५:३, याकूब २:५ रूपान्तरित)। ती हामीमा हुनुपर्ने गुणहरू धनसम्पत्ति वा आर्थिकसँग सम्बन्धित हुनुपर्छ भन्ने छैन। तर केही हदसम्म हुन पनि सक्दछ। धनसम्पत्तिमा सम्पन्न र सबै थोकहरूले परिपूर्ण भएका मानिसहरू (प्रकाश ३:१७) आत्मिक रूपमा तिनीहरूले सोचेभन्दा दरिद्र भएको हुन सक्छन्। जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा प्रवेश गरेर सफलताको चुचुरोमा लाग्यो भने तिनीहरूले परमेश्वरलाई विर्सनुहुन्न भनेर उहाँले तिनीहरूलाई सतर्क गराउनुभएको थियो। तिनीहरूलाई आनन्द पार्ने सबै असल थोकहरू र धनसम्पत्ति आर्जन गर्ने बल वा सामर्थ्य परमेश्वरबाट नै आएको हुन्छ भन्ने कुरो हरदम सम्झिरहनुपर्छ भन्ने आदेश परमेश्वरको थियो (व्यवस्था ८:११ रूपान्तरित)।

**उपसंहारः**

**थप जानकारीः** "पैसाको आवश्यक महत्त्वपूर्ण छ, किनभने पैसाले धेरै धेरै राम्रो कामहरू गर्न सक्छ। परमेश्वरका सच्चा छोराछोरीहरूको हातमा पैसा भयो भने त्यसले भोको मानिसको निम्ति खाना हुन्छ, तिर्खाएको निम्ति प्यास मेटाउने पानी, र नाङ्गाका निम्ति लुगाफाताहरू हुन जान्छ। दुर्व्यवहारको मारमा पर्नेहरूको निम्ति यसले प्रतिरोधात्मक काम गर्छ भने बिमारहरूको निम्ति उपचारको निम्ति सहयोगी बन्छ। तर अर्थमूलक जीवनको आवश्यकताको निम्ति यसलाई प्रयोग गरेन भने, अरूको सहायताको निम्ति चलाएन भने र ख्रीष्टको सुसमाचार अघि सार्न यसले ठेलेन भने त्यो पैसा निरर्थक वा बालुवामा पानी हालेको जस्तै हुन्छ।

"अरूको उत्थानको निम्ति प्रयोग नगेका धनसम्पत्तिको केही काम छैन। बरू त्यो आशिष भन्दा अभिशाप हुनसक्छ। मानिसलाई अध्यात्मिक अर्थात् आत्मिक जीवनबाट पर राख्न यसले धरापको काम गर्न सक्छ। त्यसले स्वर्गको गरिमामय खजानाबाट पर पर घचेट्दछ।...

"आफूसँग भएको धन परमेश्वरले दिनुभएको बरदान हो भनेर कसैले बुझ्छ भने त्यसले पैसालाई बुद्धिमानीपूर्वक प्रयोग गर्दछ। अनि आफूसँग भएको पैसा जथाभावी खर्च नगरि बचाउने आफ्नो धर्म हो भनेर ठान्दै अरूको हितको निम्ति प्रयोग गर्नेछ।"-एलेन जी ह्वाइट, क्राइस्ट अब्जेक्ट लेसनस्, पृ. ३५१,३५२बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **देहायका वाक्यहरूलाई गहिरिएर सोच्नुहोस् "धनी वर्गले गरिब वर्गमाथि शासन गर्दछ। जो मानिसले सापटी लिन्छ त्यो सापटी दिनेको दास हुन्छ।" (हितोपदेश २२:७ रूपान्तरित)। "धेरै गरिब परिवारहरू गरिब छन् किनभने तिनीहरूले पैसा पाउने वित्तिकै खर्च गर्दछन्। जब कोही मानिस सापटीको भरमा आफ्नो जीविका चलाउन खोज्छन् भने त्यो मानिस शैतानको पासोमा पर्दछन्। यस्तै चर्तिकलाले मानिसहरूलाई शैतानले आफ्नो जालमा पार्दछन्।"-एलेन जी ह्वाइट, द आडभेन्टिस्ट होम, पृ.**

३९२बाट रूपान्तरित। "गरिबहरूलाई सुसमाचार सुनाऊ" (लूका ४:१८)को अर्थ के मानिसहरूको ऋण तिरी दिएर छुटकारा गरिदिने कि ऋण लिनु नपर्ने स्थितिमा पारिदिनु? किन र किन होइन?

आ. पैसाले हामीहरूको सेवा गर्ने हो कि पैसालाई हामीले सेवा गर्ने, यो कसरी थाहा पाउने? हेर्नुहोस् लूका १६:१०-१३ "येशूले फेरि भन्नुभयो, "सानो कुरामा भरपर्दो मानिसचाहिँ ठूलो कुरामा पनि भरपर्दो हुन्छ। त्यस्तै सानो कुरामा बेइमान हुने मानिस ठूलो कुरामा पनि बेइमान नै हुन्छ। ११ संसारको धनको कारोबारमा विश्वास गर्न नसकिनेलाई सत्यको धनको निम्ति कसरी विश्वास गर्न सकिन्छ र? १२ तिमीहरू अर्काको धनमा विश्वासी हुँदैनौ भने तिमीहरूले पाउनुपर्ने धन कसले देला र? १३ "कुनै नोकरले दुई मालिकको सेवा गर्न सक्दैन। उसले एउटालाई हेला गर्छ र अर्कोलाई माया गर्छ कि उसले एउटाले भनेको मान्छ र अर्कोको वास्तै गर्दैन। त्यसै गरी तिमीहरूले पनि परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ।"

इ. संसारमा जुनसुकै बादको सरकारले शासन गरेतापनि धनी र गरिबहरू जतातत्तै हुन्छन्। कतिमानिसको दुई, तिन र चारवटा घरहरू हुन्छन् भने कतिले प्लास्टिकको छाना राखेर आफ्नो घरजम गर्दछन्। यो हुनु गलत छ कि ठिक छ भन्ने सोच्ने क्रममा ती मानिसहरूको बारेमा हामीले के भन्ने जो चाहिनेभन्दा वढि खाएर र अश्वस्थ खाना खानाले आफ्नो जिउलाई पोसेर अत्यन्त मोटो हुन्छन् भने संसारका कतिपय मानिसहरू भोकभोकै सुत्दछन्? धनीबाट खोसेर गरिबलाई पोस्नुपर्छ भनेर कतिपयले वकालत गर्दछन्। गरिबहरूलाई धेरै गरिब नबन्ने समस्यामा नपार्ने हामी येशूभक्तहरूले कस्तो खालको कदम चाल्न सक्छौं? हामीले के गर्न सक्छौं र के गर्न सक्दैनौं वा गर्नु हुँदैन?